नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ३३ २०८१ साल भदौं १० गते सोमबार (26 Aug. 2024 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : 'बैंकिङ कसुरजन्य अपराधको.. ३ पृष्ठमा : तीन गुणा बढ्यो ... ३ पृष्ठमा इजरायलमा आगामी ४८ घन्टाका ...

## बाबाधाम गएका एक बृद्ध सम्पर्कबिहीन, अर्का युवक फेला परे





**सम्पर्कबिहीन भएका ६२ वर्षिय मिश्री लाल मण्डल । फेला परेका ५३ वर्षिय राम विलास यादव**

**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौं ।**

भारतको झारखण्ड राज्यस्थित देवघर (बाबाधाम) जल अर्पणका लागी गएका एक ब्यक्ती १० दिन पछी सर्म्पकमा आए लगतै सप्तरीका अर्का तीर्थयात्री वेपत्ता भएका छन ।

पछिल्लो पटक विगत ८ दिनदेखी बोदेबसाईन नगरपालिका ३ कुश्महार टोलका ६२ वर्षिय मिश्री लाल मण्डल सम्पर्क विहिन भएका हुन । मण्डल भदौ २ गतेदेखि आफन्त तथा गाउँका अन्य भक्तजनसँग रेल चढी देवघरका लागी प्रस्थान गरेका थिए । बाबाधाम मन्दिरमा जल चढाएर घर फर्किने तयारी भइरहेका बेला अचानक उनी सम्पर्क विहिन भएको संगै गएका उनका ज्वाई देवकान्त मण्डलले बताए ।

आईतवार घर फर्केका परिवारजनले मण्डलको हुलिया विवरण सहितको निवेदन भारतीय प्रहरीलाई उपलब्ध गराइ खोज तलासका लागी सहयोग मागेको जनाएका छन ।

यस अघि सप्तरी कै राजगढ गाउँपालिका ३ पुरवारी टोलका ५३ वर्षिय राम विलास यादव बाबाधाममा हराएका थिए । साउन ३१ गते बाबाधाममा जल चढाए लगतैसंगै गएका साथीहरु संग सर्म्पकविहिन भएका यादव १० दिन पछि अघिल्लो दिन शनीवार साँझ भारत विहार राज्यको दरभंगा रेल्वे स्टेशनमा फेला परेको थियो । भारतीय प्रहरी र स्थानीयवासीको सहयोगमा उदार गरी उनलाई घर ल्याइएको परिवारजनले जनाएको छ ।

## लोसपाले मनायो वार्षिकोत्सव




**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौं ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सप्तरीले आइतबार पार्टीको तेश्रो वार्षिकोत्सव मनाएको छ ।

पार्टी स्थापना भएको तेश्रो वर्षको अवसरमा राजविराजस्थित जिल्ला समन्वय समिति सप्तरीको सभाकक्षमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरि वार्षिकोत्सव मनाएको हो ।

जिल्ला अध्यक्ष सुनिल कुमार झाको अध्यक्षता तथा पार्टीका केन्द्रिय उपाध्यक्ष जयप्रकाश ठाकुरको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा वक्ताहरुले वर्तमान राजनीतिक परिवेशमा पार्टीको भूमिका बारे चर्चा गरेका थिए ।

पार्टीका जिल्ला सचिव बिजय कुमार रायद्वारा संचालित कार्यक्रममा केन्द्रिय उपाध्यक्ष अमरकान्त झा, पूर्व राज्यमन्त्रि चन्द्रकान्त चौधरी, सहमहासचिव

***बाँकी अन्तिम पृष्ठमा***

## नेपाल बैश्य कल्याण महासंघ सप्तरीको पुर्नगठन

**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौं ।**

नेपाल बैश्य कल्याण महासंघ सप्तरी जिल्ला कार्य समितिको पुर्नगठन भएको छ ।

राजविराजमा सम्पन्न एक भेलाबाट रामचन्द्र साहको अध्यक्षतामा २१ सदस्यीय सप्तरी जिल्ला कार्यसमिति पुर्नगठन गरिएको हो ।

पुर्नगठित समितिको उपाध्यक्षद्वयमा लक्ष्मण साह र प्रभात कुमार ललन, सचिवमा मिथिलेश प्रसाद साह, उपसचिवमा राजेन्द्र कुमार साह तथा कोषध्यक्षमा दिपक कुमार साह चयन भएका छन् ।

सो भेलामा नेपाल बैश्य कल्याण महासंघका अध्यक्ष अमरनाथ गुप्ता, उपाध्यक्ष अनिल कुमार अनल, महासचिव रामजी प्रसाद साह लगायतको उपस्थिति रहेको थियो ।

## सवारी दुर्घटनामा वडाध्यक्ष यादवको मृत्यु

**दैनिक समाचारदाता**
**जलेश्वर, ९ भदौ ।**

महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिका-२ का वडाध्यक्ष मुकेशकुमार यादवको सवारी दुर्घटनामा मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारका अनुसार रामगोपालपुर नगरपालिका-२ का वडाध्यक्ष यादवको मोटरसाइकल दुर्घटनामा आइतबार बिहान मृत्यु भएको हो ।

जलेश्वर-बर्दिबास सडकअन्तर्गत बर्दिबास नगरपालिका-८ स्थित कल्भर्टमा वडाध्यक्ष यादव चढेको लु प्र ०१-००१प ६३६२ नम्बरको मोटरसाइकल दुर्घटना भएको हो । वडाध्यक्ष यादवको शव कल्भर्टसँगै भेटिएको हो । वडाध्यक्ष यादव नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)बाट निर्वाचित हुनुभएको थियो ।

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी

## सम्पादकीय

### चाड पर्वसँगै मूल्य पनि बृद्धि

चाड पर्व नजिकिदै जाँदा अहिले दैनिक उपभोग्य बस्तुहरुदेखी लिएर अन्य बस्तुमा समेत मुल्य बृद्धि भएको छ। विभिन्न चार्ड पर्वको पूर्वसन्ध्यामा यसरी मुल्य बृद्धि भइरहेकोले यसको प्रत्यक्ष असर जनतामा परेको छ। यता हिन्दुहरुको महान चाड वडा दशैं आउन पनि झण्डै सवा महिना बाँकी रहँदा ती बस्तुहरुको मुल्यमा बृद्धि भएपनि सम्बन्धीत निकायको ध्यान आकृष्ट हुन सकेको छैन्। दैनिक उपभोग्य बस्तु चामल, दाल, खाने तेल लगायत अन्य बस्तुहरुमा मुल्य अत्याधिक बृद्धि भएको छ। केही दिनअगाडी सम्म सामान्य मुल्य बृद्धि भएपनि अहिले ह्वातै मुल्य बृद्धि भएपछि उपभोक्ताहरु मारमा परेका छन्।

यस्तै तरकारी लगायत हरियो सागसब्जीहरुमा मुल्य मुल्य बृद्धि भएको छ। आलुको मुल्य अहिले रु. ६० पुगेको छ भने प्याजको मुल्य रु. १०० तथा टमाटरको मुल्य रु. १ सय २० पुगेको छ। हरियो तरकारीमा साग भने २० देखी ३० रुँपैया पाउकै भएको छ। यो मुल्य मध्यम वर्गका लागि पनि नौलो भएको छ। यसरी सबै थोकमा मुल्य बृद्धि भएपछि उपभोक्ताहरुको दैनिकी बजेटले भ्याउन सकिरहेको छैन्। एक त पहिलेदेखी निकै अर्थतन्त्रको अवस्था खस्किदो रहेको बेला मुल्य बृद्धिले झनै जनता मारमा परेका छन्। उपभोक्ता मारमा पर्दा समेत सम्बन्धीत निकाय मौन छ।

यस्ता मुल्य बृद्धि नियन्त्रणका लागि सम्बन्धीत निकायको ध्यान जान नसक्नु गम्भिर त्रृटी हो। मुल्य बृद्धितर्फ सम्बन्धीत निकायको ध्यान आकृष्ट हुनु अति आवश्यक छ। तसर्थ यसप्रति तीनै तहका सरकारसहित सरोकारवाला निकाय समेत गम्भिर हुनु आवश्यक छ।

# 'बैंकिङ कसुरजन्य अपराधको अनुसन्धान, अभियोजन र कारबाहीका लागि नयाँ कानुन आवश्यक'

काठमाडौं, ९ भदौ (रासस)।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैङ्किङ तथा वित्तीय प्रणालीको कारोबारमा हुनसक्ने चेक अनादरजस्ता कसुरजन्य कार्यको अनुसन्धान, अभियोजन र कारबाहीलाई व्यवस्थित एवं प्रभावकारी बनाउन 'बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० संसद्मा दर्ता भएको बताउनुभएको छ।

प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिमा बोल्नुहुँदै अर्थमन्त्री पौडेलले पछिल्ला दिनहरूमा बैङ्किङ कसुर र चेक अनादरसम्बन्धी घटना उल्लेख्य रूपमा बढेको बताउनुभयो। उक्त घटनाको अनुसन्धान र अभियोजन प्रक्रियालाई थप व्यवस्थित गर्न यो विधेयक कानुनका रूपमा कार्यान्वयनमा आउनुपर्ने उहाँको धारणा छ। विधेयकले चेक अनादरजस्ता बैङ्किङ कसुरजन्य कार्यमा आर्थिक जरिवानालाई प्राथमिकतामा राखेको उहाँले जानकारी दिनुभयो।

अर्थ समितिको आइतबारको बैठकमा सांसद डा स्वर्णिम वाग्लेले बैङ्किङ कसुरमा जेल सजायभन्दा पनि आर्थिक जरिवाना गर्नेगरी कानुन आउनुपर्ने बताउनुभयो। विश्वव्यापी रूपमा पनि चेक अनादरजस्ता अपराधमा आर्थिक जरिवानाको व्यवस्था रहेको उहाँको भनाइ छ।

त्यस्तै, संसद् र संसदीय समितिका कार्यहरू प्रभावकारी रूपमा अघि बढ्न नसकेको डा वाग्लेले बताउनुभयो। संसद्मा दर्ता भएका र समितिमा छलफलमा आएका विधेयकहरू चाँडो टुङ्ग्याइनुपर्नेमा उहाँले जोड दिनुभयो। अर्का सांसद पदम गिरीले संसद्को विधायिकी भूमिका कमजब्नसेर भएको धारणा राख्नुभयो। समितिको बैठक प्रभावकारी हुन नसक्दा धेरैवटा विधेयक अड्किएर बसेको उहाँको भनाइ छ।

गत वर्ष साउन २३ गतेको मन्त्रिपरिषद् बैठकले बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० को मस्यौदा स्वीकृत गरेको थियो। तत्कालीन अर्थमन्त्री डा प्रकाशशरण महतले विसं २०८० असोज १६ गते यो विधेयक संसद्मा दर्ता गर्नुभएको थियो। चेक अनादरसम्बन्धी मुद्दामा फरक-फरक खालको कानुनी उपचारको अवस्था देखिएकाले यसलाई एकरुप बनाउनुपर्ने व्यहोराको सर्वोच्च अदालतको आदेश र महान्यायाधिवक्ताको कार्यालयको अध्ययनबाट समेत बैङ्किङ कसुर तथा सजाय ऐनलाई संशोधन गर्नुपर्ने सुझावका आधारमा सरकारले यो विधेयक तयार पारेको हो।

कुनै व्यक्तिले आफ्नो खातामा रकम मौज्दात नभई चेक जारी गर्न नहुने व्यवस्था विधेयकमा राखिएको छ। "कसैले पनि आफ्नो बैङ्क खातामा रकम मौज्दात नभएको वा मौज्दात भए पनि भुक्तानीका लागि पर्याप्त छैन भन्ने जानाजान कसैलाई चेक जारी गरी दिन वा बैङ्कसँग त्यस्तो चेकको भुक्तानी माग गर्नुहुँदैन", विधेयकमा भनिएको छ।

चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात नदेखिएमा त्यस्तो चेक बैङ्क तथा वित्तीय संस्थाले धारकलाई नै फिर्ता दिनुपर्नेछ। यही चेक साट्न चाहने व्यक्तिले त्यस्तो चेक अनादर भएको प्रमाणित गराउन चाहेमा बैङ्कले बढीमा ३० दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई सूचना दिई सो को अभिलेख राख्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ।

त्यसरी सूचना दिएको जानकारी खुलाई बैङ्कले चेक फिर्ता गर्नुपर्नेछ। तीस दिनसम्ममा पनि खातामा पैसा उपलब्ध नभएमा चेक अनादर भएको प्रमाणित गर्नेसम्बन्धी प्रक्रिया अघि बढ्नेछ। "तीस दिनको म्याद समाप्त भएपछि चेक बोक्ने व्यक्तिले रकम भुक्तानी माग्दा खातामा आवश्यक रकम नदेखिएमा बैङ्कले तीन दिनभित्र सम्बन्धित खातावालाले चेक अनादर गरेको प्रमाणित गरी चेक फिर्ता दिनुपर्नेछ", विधेयकमा उल्लेख छ।

विधेयकमार्फत चेक अनादरसम्बन्धी बैङ्किङ कसुरको जरिवानामा संशोधन गर्न लागिएको छ। बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ मा चेक अनादर भएमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैदको व्यवस्था रहेको छ तर विधेयकले चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरिदिने खातावालाबाट धारकलाई बिगोबमोजिमको रकम भराई चेक जारी गरिदिने खातावालालाई बिगोको पाँच प्रतिशत जरिवाना गर्ने र चेक काटिएको रकमका आधारमा कैद सजाय तोक्नेगरी मस्यौदा तयार पारिएको छ।

विधेयकमा रु पाँच लाखसम्म बिगो भए एक महिनासम्म कैद, रु पाँच देखि १० लाखसम्म बिगो भए तीन महिनासम्म कैद, रु १० लाख देखि ५० लाखसम्म बिगो भए छ महिनासम्म कैद र रु ५० लाखभन्दा बढी जतिसुकै बिगो भएमा दुई वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ।

त्यस्तै, चेक अनादर गरेको प्रमाणित भएको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिने व्यवस्था ल्याउन लागिएको छ।

# एक महिनामा तीन अर्ब ४६ करोड ६३ लाखको 'स्मार्टफोन' आयात

काठमाडौं, ९ भदौ (रासस)।

चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो महिना नेपालले कुल रु एक खर्ब ४० अर्ब ६० करोड ३२ लाख बराबरको वैदेशिक व्यापार गर्दा एक खर्ब १६ अर्ब १५ करोडको घाटा व्यहोरेको छ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आवको पहिलो महिनाको वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्कअनुसार गत साउनमा नेपालले रु एक खर्ब २८ अर्ब ३७ करोड ७१ लाख बराबरको वस्तु आयात गर्दा रु १२ अर्ब २२ करोड ६१ लाखको मात्रै निर्यात गरेको हो।

विभागका अनुसार गत आर्थिक वर्षको सोहि अवधिको तुलना चालु आवको पहिलो महिनामा आयात शून्य दशमलव ६७ प्रतिशतले घटेको छ भने निर्यात नौ दशमलव ६३ प्रतिशतले घटेको छ। गत साउन महिनामा नेपालले भारतसँग मात्र रु ७० अर्ब १० करोड ४२ लाख बराबरको व्यापार घाटा व्यहोरेको विभागले जनाएको छ।

चालु आवको पहिलो महिना भारतबाट रु ७७ अर्ब ६८ करोड ३१ लाख बराबरको आयात हुँदा रु सात अर्ब ५७ करोड ८८ लाखको निर्यात भएको हो। नेपालले दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने अर्को छिमेकी मुलुकसँग यस अवधिको व्यापार घाटा रु २४ अर्ब ३८ करोड ४७ लाख बराबर छ। गत साउनमा चीनबाट रु २४ अर्ब ५४ करोड २३ लाखको आयात हुँदा रु १५ करोड ७६ लाख बराबरको मात्रै निर्यात भएको हो। कतार, युक्रेन, अस्ट्रेलिया, बहराईन, मलेसियालगायतका मुलुकसँग पनि नेपालको व्यापार घाटा उच्च छ।

चालु आवको पहिलो महिनामा नेपालले वैदेशिक व्यापार गरेका मुलुकहरुमध्ये १३ मुलुकसँग भने व्यापार नाफा छ। सबैभन्दा धेरै संयुक्त अधिराज्यसँग रु १८ करोड ३४ लाख ६६ हजार बराबर व्यापार नाफा देखिएको हो। अफगानिस्तान, बेल्जियम, रुस, मौसिरसलगायत मुलुकसँग व्यापार नाफा देखिएको छ।

नेपालले बढी आयात गर्ने वस्तुहरुमा पेट्रोलियम पदार्थ, फलामजन्य वस्तु, स्मार्टफोन, कच्चा सूर्यमुखी तेललगायत छन्। गत एक महिनामा मात्र नेपालले रु छ अर्ब ९८ करोड ७१ लाख बराबरको डिजेल, रु पाँच अर्ब ६९ करोड ३५ लाख बराबरको पेट्रोल र रु चार अर्ब ८२ करोड ६६ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ। त्यस्तै, साउनमा रु तीन अर्ब ४६ करोड ६३ लाख बराबरको स्मार्टफोन आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ।

नेपालले बढी निर्यात गरेका वस्तुहरुमा भने कार्पेट, चिया, स्टील, धागोलगायत छन्। गत साउनमा नेपालले रु एक अर्ब ११ करोड ७५ लाख बराबरको कार्पेट निर्यात गरेको छ।

# आवश्यक कर्मचारी नहुँदा जनलोकपाल आयोग काम विहीन

जनकपुरधाम, ९ भदौ (रासस)।

जनलोकपाल आयोगलाई आवश्यक स्रोतसाधन एवं जनशक्तिको अभाव भएको छ। मधेस प्रदेश सरकारले प्रदेशमा सुशासन कायम गर्ने उद्देश्यले तीन वर्ष अगाडि उक्त आयोग स्थापना गरेको थियो।

साथै प्रदेश सरकारले जनगुनासोलाई सम्बोधन गर्न उक्त आयोगको परिकल्पना गरेको थियो। आयोगका अध्यक्ष रामसहाय राययादवले भन्नुभयो,"आफूले आयोगको जिम्मेवारी सम्हालेको तीन वर्ष पूरा हुन लाग्यो। सुशासन प्रवर्द्धनका क्षेत्रमा चाहेजति काम गर्न नसकेको छैन। आयोगको मुख्य उपलव्धि देखाउन नपाउँदा मन दुःखी भएको छ।" प्रदेश सरकारले नै 'आयोग सक्षम होस्' भनेर नचाहेको जस्तो देखिएको उहाँले गुनासो गर्नुभयो ।

आयोगका सदस्य राजकिशोर साहले प्रदेशमा सुशासन कायम गर्न आयोगले चाहेजस्तो कार्य सम्पादन नसकेको बताउनुभयो। उहाँले भन्नुभयो," प्रदेश सरकारले आयोगलाई सुदृढ बनाउन आवश्यक स्रोतसाधन उपलब्ध गराउनुपर्छ। श्रोत साधन उपलब्ध नगराउँदा कामविहीन भयौं। "

आयोगमा दर्ता हुने उजुरीमाथि आवश्यक छानबिन गर्ने तथा आवश्यक देखिएमा थप अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सिफारिस गर्ने नीति उक्त आयोगको रहेको बताइएको छ। आयोगको तीन वर्षका अवधिमा ४२ उजुरी दर्ता भएको आयोगले जनाएको छ।

जनशक्तिका अभावमा आयोगले ती उजुरीमाथि अनुसन्धान गर्न नसकेको आयोगले जनाएको छ। तेत्तीस कर्मचारीको दरबन्दी रहेको सो आयोगमा एक कम्प्युटर अपरेटर मात्र कार्यरत छन्।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# तीन गुणा बढ्यो विद्युत् खपत

काठमाडौँ, ९ भदौ (रासस)।

मुलुकबाट विद्युत्भार कटौती अन्त्य भई नियमित रूपमा विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् (ऊर्जा) खपतमा उल्लेख्य वृद्धि भएको छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार ऊर्जा खपत तीन गुणा बढेको छ।

आर्थिक वर्ष २०७२/७३ मा तीन ७२ करोड युनिट ऊर्जा खपत भएकामा गत आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट पुगेको छ। आठ वर्षको अवधिमा देशभित्रको विद्युत् खपत ६ अर्ब ५१ करोड युनिट वृद्धि भएको हो। आठ वर्षअघि विद्युत् खपत वृद्धिदर नै ऋणात्मक थियो।

गत आवमा सबैभन्दा बढी ग्राहस्र्थ्यतर्फ चार अर्ब ३१ करोड र औद्योगिक ग्राहकतर्फ तीन अर्ब ६९ करोड युनिट विद्युत् खपत भएको छ। बाँकी विद्युत् अन्य समूहका ग्राहकले खपत गरेका हुन्। आठ वर्षअघि एक सय ३१ युनिट रहेको प्रतिव्यक्ति ऊर्जा खपत गत आवसम्म आइपुग्दा चार सय युनिट पुगेको छ।

आठ वर्षअघि बर्खायाममा समेत दैनिक आठ घण्टा विद्युत्भार कटौती थियो। हिउँदमा दैनिक १४ घण्टासम्म विद्युत्भार कटौती गर्नुपर्ने प्रक्षेपण थियो। विसं २०७३ को कात्तिकदेखि काठमाडौँ उपत्यका हुँदै क्रमिक रूपमा देशका प्रमुख सहरमा गार्हस्थ्यतर्फका ग्राहकको र त्यसपछि औद्योगिक ग्राहकको विद्युत्भार कटौती अन्त्य गरिएको थियो। सरकारले २०७५ वैशाखदेखि सिङ्गो मुलुक विद्युत्भार कटौतीमुक्त घोषणा गरेको थियो।

आठ वर्षअघि ५८ प्रतिशत घरपरिवारमा मात्र विद्युत् पुगेको थियो। अहिले ९९ प्रतिशतमा विद्युत् पुगेको छ। विद्युत्को पहुँच पुगेका घरपरिवारमध्ये ९७ प्रतिशत राष्ट्रिय 'ग्रिड'बाट र दुई प्रतिशतले ग्रिडभन्दा बाहिर रहेका लघुजलविद्युत्, सौर्य ऊर्जालगायतबाट विद्युत् उपभोग गरिरहेका छन्। आठ वर्षअघि विद्युत्का ग्राहक करिब ३० लाख रहेकामा हाल सामुदायिकसहित ५९ लाख ३५ हजार पुगेका छन्।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत्भार कटौती अन्त्यपछि पर्याप्त निरन्तर विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् खपत बढेको बताउनुभयो। "ठूला तथा साना उद्योगलाई निरन्तर विद्युत् आपूर्ति भइरहेको छ, यस अवधिमा उद्योगको धेरै 'लोड' स्वीकृत गरिएको छ, खाना पकाउनेलगायत घरायसी प्रयोजनमा विद्युतीय उपकरणको प्रयोग बढेको छ, निजी तथा सार्वजनिक यातायातमा विद्युतीय सवारी साधनको प्रयोग बढिरहेको छ, विद्युतीकरण व्यापक रूपमा गरिएको छ जसका कारण आन्तरिक रूपमा विद्युत्को खपत बढिरहेको छ," उहाँले भन्नुभयो।

हरेक वर्ष विद्युत् माग बढेसँगै विद्युत् आपूर्तिमा चुनौती थपिएका छन्। त्यस्ता चुनौती र समस्याको समाधान गरी उपभोक्तालाई भरपर्दो, गुणस्तरीय, सुरक्षित विद्युत् आपूर्तिका देशका प्रमुख सहरलाई ११ क्लस्टरमा विभाजन गरिएको छ। यस्तै, सन् २०५० सम्मको मागलाई आपूर्ति गर्न सक्ने प्रसारण र वितरण संरचनाको गुरुयोजना तयार गरी क्रमिकरूपमा कार्यान्वयनमा लगिएको छ।

कार्यकारी निर्देशक घिसिङले आन्तरिक रूपमा विद्युत्को खपत बढाउने, उत्पादन वृद्धि गरी आयात घटाउने र निर्यात वृद्धि गर्ने गरी काम भइरहेको उल्लेख गर्नुभयो। आव २०७२/७३ मा तीन अर्ब ७२ करोड युनिट रहेको विद्युत् खपत आव २०७३/७४ मा (२८ दशमलव ४७ बिन्दुले बढी) चार अर्ब ७७ करोड युनिट पुगेको थियो। आव २०७४/७५ मा विद्युत् खपत पाँच अर्ब ५६ करोड, २०७५/७६ मा छ अर्ब ३० करोड युनिट, २०७६/७७ मा छ अर्ब ४२ करोड तथा २०७७/७८ मा सात अर्ब २८ करोड युनिट भएको थियो।

यसैगरी, आव २०७८/७९ मा आठ अर्ब ८४ करोड, आव २०७९/८० मा नौ अर्ब ३५ करोड र आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट विद्युत् खपत भएको थियो। आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा विद्युत् खपत करिब १० प्रतिशतले बढेको हो।

गत आवमा पिक डिमान्ड ( विद्युत् बढी माग हुने समय) अघिल्लो आव २०७९/८० को तुलनामा ११ दशमलव ३४ प्रतिशत बिन्दुले वृद्धि भएको थियो। गत आवको जेठ १६ गते देशभित्रको सबैभन्दा बढी विद्युत्को माग रेकर्ड गरिएको थियो। उक्त दिन दुई हजार दुई सय १२ मेगावाट विद्युत् माग गरिएको थियो।

बर्खायामका ६ महिना विद्युत् भारततर्फ निर्यात गर्ने अवस्था बने पनि हिउँदमा नदी प्रवाही जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घटी केही महिना देशभित्रको माग धान्न विद्युत् आयात गर्नुपर्ने अवस्था छ। तर प्रणालीमा आयात गरिएको ऊर्जाको परिमाण भने घट्दै गएको छ। गत आवमा प्रणालीमा आयातित ऊर्जाको हिस्सा १४ दशमलव ६८ प्रतिशत रहेको छ। जुन अघिल्लो आवको तुलनामा आठ दशमलव ५७ प्रतिशत बिन्दुले कम हो। विद्युत् निर्यात ४४ प्रतिशत बिन्दुले वृद्धि भएको छ।

गत आवमा भारतबाट एक अर्ब ९० करोड युनिट अर्थात् रु १६ अर्ब ९३ करोड बराबरको विद्युत् आयात गरिएको थियो। तर सोही अवधिमा एक अर्ब ९५ करोड युनिट विद्युत् भारततर्फ निर्यात गरी रु १७ अर्ब ६ करोड आम्दानी भएको थियो। गत आवमा आयातभन्दा रु १३ करोड बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो।

# 'शैक्षिक गुणस्तर विकास गर्न प्रदेशमा शैक्षिक उद्यान बनाइने'

धनुषा, ९ भदौ (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री शतिशकुमार सिंहले शैक्षिक गुणस्तर विकासका लागि सिकाइ प्रणाली रूपान्तरण गर्न प्रदेशको शैक्षिक उद्यान बनाइने बताउनुभएको छ।

जनकपुरधामस्थित याज्ञवल्क्य संस्कृत विद्यालय ज्ञानकुपको आइतबार अवलोकन तथा निरीक्षण गर्नुहुँदै मुख्यमन्त्री सिंहले बहुबुद्धिमत्ता, सामाजिक सिकाइ सिद्धान्त, गेमिफिकेसन र २१औँ शताब्दीको सीप प्रवर्द्धनका सिद्धान्तहरूमा आधारित शैक्षिक उद्यान मधेस प्रदेशका सन्दर्भमा नवीन र महत्वपूर्ण कदम हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले संस्कृत विद्यालयमा खुला शैक्षिक उद्यान सञ्चालन गर्ने विषयमा खाका तयार गर्न केही दिनमै प्राविधिक खटिनेसमेत जानकारी दिनुभयो।

मुख्यमन्त्री सिंहले विज्ञहरूको परामर्श र आधुनिक शिक्षाका परिवेशलाई ध्यानमा राखेर खुल्ला शैक्षिक उद्यानको योजना निर्माण गरिएको र यसलाई पहिलो चरणमा मधेस प्रदेशका आठवटै जिल्लामा एक-एकवटा स्थापना गर्ने नीति लिएको बताउनुभयो। खुला शैक्षिक उद्यान मधेसको कमजोर शैक्षिक अवस्था सुधार गर्न प्रयोगका रूपमा लिइएको र यसले विद्यार्थी तथा अभिभावकले नयाँ तरिकाले शैक्षिक ज्ञान तथा सीप सिक्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।


राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८१ ०८२
च.न. ३०८

मिती :– २०८१।०५।०९

विषय: - सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. १० हाल १ बस्ने सदिक मियाँले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८१।०५।०९गते मा द.न.२८० को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५.दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तमसिल

जिल्ला सप्तरी रा.वि.न.पा.१० हाल १ बस्ने नुनुलाल मियाँ नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ९ | ४९० | ०-०-१६ |
| सप्तरी | चनौरा पडरीया | ९ | १००४ | ०-०-१२ १/२ |
| सप्तरी | दिघवा | ३ | ३७६ | ०-२-१० |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष २०८१।५।९
रा.बि.न.पा.वडा नं.-१


## विश्व समाचार

### इजरायलमा आगामी ४८ घन्टाका लागि संकटकाल घोषणा

तेल अभीभ, इजरायल, ९ भदौ (रासस/एएनआई)।

लेबनानसँगको बढ्दो तनावका बीच इजरायलले आगामी ४८ घण्टाका लागि सङ्कटकाल घोषणा गरेको छ। इजरायलका रक्षामन्त्री योव ग्यालान्टले सङ्कटकाल घोषणा गर्नुभएको छ र यसले इजरायली रक्षा बल (आईडीएफ) को आन्तरिक मोर्चाको नेतृत्वलाई प्रतिबन्धहरू जारी गर्न सहज हुनेछ।

मन्त्रीपरिषद्ले विस्तार नगरेसम्म यो अवस्था ४८ घण्टाका लागि मान्य हुनेछ। इजरायलमा तनाव बढ्दै गएको छ। यस क्षेत्रमा थप जोखिम बढेसँगै इजरायली नागरिकलाई उच्च सतर्कताका रहन भनिएको छ।

आइतबार बिहान इजरायली डिफेन्स फोर्स (आईडीएफ) का प्रवक्ता रियर एडमिरल डेनियल हागारीले हिजबुल्लाहको आक्रमणको बदलामा इजरायलले दक्षिणी लेबनानमा रहेका लेबनानी नागरिकलाई आक्रमण हुनसक्ने भन्दै सावधानी अपनाउन आफ्ना नागरिकलाई सचेत गराउनुभएको छ।

एक पत्रकार सम्मेलनमा आइडिएफका प्रवक्ताले भन्नुभयो, "हिजबुल्लाहले दक्षिणी लेबनानबाट नजिक इजरायली क्षेत्रमा आक्रमण गरिरहेको छ। यसको बदलामा इजरायलले हिजबुल्लाहमाथि आक्रमण गर्ने तयारी गरिरहेको छ। तसर्थ हामी उक्त क्षेत्रमा रहेका लेबनानी नागरिकलाई तुरुन्तै स्थान खाली गर्न आग्रह गरेका छौँ।"

"आईडीएफले इजरायली नागरिकको सुरक्षाका लागि आवश्यक सबै तयारी गरिरहेको छ र गर्नेछ," उहाँले भन्नुभयो। गत महिना तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानिया र लेबनानमा हिजबुल्लाह कमाण्डर मारिएपछि इरानले इजरायलसँग बदला लिने चेतावनी दिएको थियो। इरानको सम्भावित आक्रमणविरूद्ध इजरायलले कडा प्रतिशोधको तयारी गरिरहेको छ।

### अफगानिस्तानी सदाचार कानुनप्रति राष्ट्रसंघद्वारा चासो व्यक्त

काबुल, ९ भदौ (रासस/एएफपी)।

अफगानिस्तानस्थित संयुक्त राष्ट्रसङ्घीय नियोगले तालिबानले हालै पारित गरेको सदाचारसम्बन्धी कानुनप्रति 'चिन्तित' रहेको बताएको छ।तालिवान अधिकारीहरूले बुधबार इस्लामी कानूनको कडा व्याख्याको आधारमा व्यापक व्यवहार र जीवनशैलीबारे प्रतिबन्धहरूको वर्णन गर्दै ३५ धाराहरू थप गरी कानूनको संशोधन गरेको घोषणा गरेका थिए।

कानूनमा व्यवस्था भएका धाराहरूको उल्लङ्घन गरेमा मौखिक चेतावनीदेखि, जरिवाना र हिरासतसम्मको प्रावधानको घोषणा सदाचार मन्त्रालय अन्तर्गतका नैतिकता अधिकारीले गरेका हुन्। अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घीय सहायता नियोग (यूएनएएमए) का प्रमुख रोजा ओतुनबायेभाले भन्नुभयो, "यो अफगानिस्तानको भविष्यका लागि एक कष्टप्रद दृष्टिकोण हो। यहाँ नैतिक निरीक्षकहरूले उल्लङ्घनको विस्तृत र कहिलेकाहीं अस्पष्ट सूचीको आधारमा कसैलाई धम्की दिने र हिरासतमा राख्ने 'विवेकपरक' अधिकार छ।"

"दशकौंको युद्धपछि र भयानक मानवीय सङ्कटका बीच अफगानी जनता प्रार्थनाका लागि ढिला भएमा, परिवारको सदस्यभन्दा बाहिरको विपरीत लिङ्गीलाई हेरेमा वा प्रियजनको फोटो राखेमा कारबाही व्यहोर्ने वा जेल जानुपर्नेछ," ओटुनबायेभाले भन्नुभयो।

सन् २०२१ को अगष्टमा तालिवान सत्तामा फर्किएदेखि नै कानुनका धेरै बुँदाहरू अनौपचारिक रूपमा लागू भइसकेका छन् र तालिवानले औपचारिक कानुनी संहितालाई कडाइका साथ लागू गर्नेछ वा गर्नेछैन भन्ने स्पष्ट छैन।'लैङ्गिक विभेद' को संज्ञा दिएको प्रतिबन्धका कारण महिलाहरू सार्वजनिक जीवनबाट वञ्चित भएका संयुक्त राष्ट्रसङ्घले बताएको छ।

ओतुनबायेभाले भन्नुभयो, "यो कानूनी संशोधनपछि पहिले नै असहनीय प्रतिबन्धहरू विस्तार गरेको तालिवान प्रशासनद्वारा लगाइएका अफगान महिला र बालिकाहरूको अधिकार, घर बाहिर महिलाको आवाजको अधिकारलाई पनि नैतिक उल्लङ्घन मानिएको छ।"कानुनअनुसार महिलाले घरबाट बाहिर निस्कँदा आफ्नो अनुहार र शरीर छोप्नुपर्छ र आफ्नो आवाज नसुनिएको सुनिश्चित गर्नुपर्छ।

संयुक्त राष्ट्रसङ्घले कानूनमा धार्मिक र प्रेस स्वतन्त्रतामाथिको प्रतिबन्धप्रति पनि चिन्ता व्यक्त गरेको छ। कानूनमा मिडियाले 'शरिया कानून र धर्मको प्रतिकूल सामग्री' प्रकाशन गर्न बन्देज लगाएको छ।यद्यपि, कानूनमा केही सकारात्मक धाराहरू पनि समावेश भएका छन्। अनाथ र केटाकेटीलाई खेलौनाको रूपमा व्यवहार गर्नबाट प्रतिबन्ध लगाइएको छ।अफगानिस्तानमा वृद्ध पुरुषहरूले केटाहरूलाई केटीहरूको रूपमा लुगामा सजाएर उनीहरूको यौन शोषण गर्ने गरेको पनि सुनिने गरिएको छ।

# तालिम केन्द्रले रक्तदान गरी मनायो वार्षिकोत्सव



**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौं ।**

राजविराजस्थित मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुरको सम्पर्क कार्यालयले आइतबार रक्तदान कार्यक्रम गरेको छ ।

चाडपर्व र मौसम परिवर्तनको समयमा अस्पतालमा विरामीको संख्या बृद्धि भई रगतको अभाव भएको जानकारी आएपछी छैठौं वार्षिकोत्वस रक्तदान कार्यक्रम गरी मनाइएको केन्द्रले जनाएको छ ।

प्रहरी बरिष्ठ उपरिक्षक गोपाल चन्द्र भट्टराईले रक्तदान जीवनदान भएकाले केन्द्रले आफ्नो वार्षिकोत्वसमा रक्तदान कार्यक्रम रोजेको बताए । उनले रगतको अभावले सुत्केरी महिला र अन्य विरामीले अनाहकमा ज्यान गुमाउनु नपरोस तथा रक्तदाता उत्प्रेरणाका लागी पनि रक्तदान कार्यक्रम गर्ने निर्णय भएको जनाए ।

केन्द्रको परिसरमा रुपनी स्थित मधेश प्रदेश प्रहरी अस्पतालका प्रहरी अधिकृत डा. रोशन कुमार मिश्र तथा स्थानीय रक्तसंचार सेवा केन्द्रका इन्चार्ज नवीन झाको प्राविधीक सहयोगमा रगत संकलन गर्ने कार्य गरिएको थियो ।

कार्यक्रममा प्रहरी बरिष्ठ उपरिक्षक गोपाल चन्द्र भट्टराई सहित २१ जना प्रहरी कर्मचारीले रक्तदान गरेका छन । रक्तदान गर्नेहरुमा प्रहरी मानबहादुर कार्की, संगिता विष्ट अनमोल खडका, अशोक साह, घनश्याम यादव, राकेश चौधरी, सुनिल कुर्मी, अञ्जली कठैत छन ।

यस्तै राजकुमार महतो, उत्तम कटवाल, अशोक कानु, तेजनारायण मण्डल, गायत्री दाहाल, राकेश राई, राजेन्द्र खडका, लिलाकान्त कोइराला, गोविन्द कटवाल लगायतले पनि रक्तदान गरेका छन । रक्तदान गर्ने मध्ये मानबहादुर कार्की र संगिता विष्ट पति पत्नी हुन ।

# विश्व हिन्दू परिषद् नेपालको राष्ट्रिय कार्य समिति पुर्नगठन



**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौं ।**

विश्व हिन्दू परिषद् नेपालको शनिबार बसेको बैठकले राष्ट्रिय कार्य समिति पुर्नगठन गरेको छ ।

काठमाडौंको ज्ञानेश्वरस्थित माहेश्वरी सदनको सभाहलमा सम्पन्न उक्त बैठकले सर्वोच्च अदालतका पूर्व न्यायायधिश पुरुषोत्तम भण्डारीको अध्यक्षतमा राष्ट्रिय कार्य समिति पुनर्गठन गरेको हो ।

पुर्नगठित समितिको कार्याध्यक्षमा भगीरथ बस्नेत, उपाध्यक्षद्वयमा रघुनाथ प्रसाद साह र श्रीमती गीता सत्याल, महासचिवमा जितेन्द्र कुमार सिंह, संगठन सचिवमा प्रल्हाद कुमार रेग्मी, सचिवमा श्री राजेन्द्र चौधरी, मातृशक्ति प्रमुखमा कृष्णादेवी पाण्डे, कोषाध्यक्षमा पवन खेतान र सहकोषाध्यक्षमा नवीन गट्टानीलाई चयन गरिएको छ ।

यस्तै सदस्यमा मनोहर साह, धर्मप्रसार प्रमुखमा श्रीकान्त मणि त्रिपाठी, धर्मचार्य सम्पर्कमा विष्णु ज्ञवाली, धार्मिक पुन्ज प्रमुखमा राम नारायण ठाकुर, सदस्य सेवा प्रमुखमा राजन उपाध्याय, केन्द्रिय सदस्यमा केशव चौलागाई, पदेन सदस्यत्रेयमा विनोद पोदार, महावीर घिराईय र सुनील कुमार अग्रवाललाई चयन गरिएको जनाइएको छ ।

## लोसपाले मनायो ...

कुवँरनाथ मिश्र, केन्द्रिय सदस्य दिनेश कुमार यादव, शम्भु यादव, उपेन्द्र साह, जिल्ला समन्वय समिति सप्तरीका उपसभापति शम्भु कुमार यादव, प्रदेश सदस्य योगेन्द्र खेरवार, मानती सदा, जिल्ला सहसचिव जयनारायण यादव, कोषाध्यक्ष मनोज झा, रुपनी गाउँपालिका संयोजक पिताम्बर यादव लगायतले समेत तेश्रो वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तव्य दिएका थिए ।

सोही कार्यक्रममा राजविराजकी सुनिता दासले लोसपाको सदस्यता लिएकी छिन् । उनलाई कार्यक्रमका अध्यक्ष तथा प्रमुख अतिथिले फुलमाला लगाई पार्टीका स्वागत गरेका थिए ।

# भारतमा बस दुर्घटनामा बारागढीका ४५ तीर्थयात्री घाइते

**दैनिक समाचारदाता**
**बारा, ९ भदौ ।**

नेपाली तीर्थयात्री चढेको बस भारतमा दुर्घटनामा परेको छ । भारतको बिहार राज्यको समस्तीपुरमा शनिबार राति भएको उक्त दुर्घटनामा बाराको बारागढी गाउँपालिका-३ मूर्तिपलियाका ४५ जना घाइते भएका छन् ।

उक्त बसमा २५ महिला र ६ बालबालिकासहित ४७ तीर्थयात्री सवार थिए । तीन जना गम्भीर घाइते छन् । दुई जना सकुशल रहेका छन् । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायव उपरीक्षक एवं प्रवक्ता प्रकाश सापकोटाका अनुसार गम्भीर घाइतेमा देवनारायण पण्डित, सुवोध साह तेली र नौ वर्षीया बालिका रहेका छन् । ना७ख ६४४६ नम्बरको देव दर्शनको सो बसलाई ट्रकले पछाडीबाट ठक्कर दिँदा उक्त दुर्घटना भएको भारतीय सुरक्षाकर्मीले जानकारी दिएको उहाँले बताउनुभयो । सबै तीर्थयात्री बिहारको देवघर बाबाधाम तीर्थाटनका लागि गएका थिए ।

“बस दुर्घटनामा परेका सबै बारागढी गाउँपालिका-३ मूर्तिपलियाका रहेको जानकारी पाइएको छ”, प्रहरी नायव उपरीक्षक सापकोटाले भन्नुभयो । घाइतेको समस्तीपुरस्थित सदर अस्पताल र अन्य नीजि क्लिनिकमा उपचार भइरहेको उहाँले बताउनुभयो ।

भारतका विभिन्न तीर्थस्थलको दर्शन गर्न उक्त बस शनिबार बिहान ११ बजे रक्सौल नाका हुँदै भारत प्रस्थान गरेको थियो । त्यसअघि उनीहरूले गाउँमा सामुहिक पूजापाठसमेत गरेका बताइएको छ । सो बस बारागढी-१ का राजाराम साहको रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।




जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : खडक नगरपालिका, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*